# बेलका नगरपालिकाको बिद्युतीय बस सञ्चालन तथा व्यवस्थापन

कार्यविधि, २०७७

बेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn‘t add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ को व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा ५ को खण्ड (ग) मा स्थानीय यातायात सेवा संचालनसम्वन्धी नीति, योजना कार्यान्वयन, अनुगमन र नियमन गर्ने व्यवस्था भए बमोजिम बेलकानगरपालिकाको यातायात सेवा संचालन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्न वान्छनीयभएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिमबनेको नगरपालिकाको कार्यविधि बमोजिम नगर क्षेत्र भित्र तथा एक पालिकादेखि अर्कोपालिकासम्म यात्रुहरुको आवागमनलाई सरल, सहज र सुलभ बनाउनुका साथै प्रदुषण रहितवातावरणलाई ध्यानमा राख्दै बेलका नगरपालिकाको बिद्युतीय बस सञ्चालन तथा व्यवस्थापनकार्यविधि, २०७७ पारीत गरी जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “बेलकानगरपालिकाकोविद्युतीयबससञ्चालनतथाव्यवस्थापनकार्यविधि २०७७”रहेकोछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) “ऐन”भन्नालेस्थानीयसरकारसंचालनऐन, २०७४ सम्झनुपर्छ।

(ख) “नगरपालिका”भन्नालेबेलकानगरपालिकासम्झनुपर्छ।

(ग) “कार्यपालिका”भन्नालेबेलकानगरपालिकाकोनगरकार्यपालिकासम्झनुपर्छ।

(घ) “प्रमुख”भन्नालेनगरपालिकाकोप्रमुखलाई सम्झनुपर्छ।

(ङ) “उपप्रमुख”भन्नालेनगरपालिकाकोउपप्रमुखलाईसम्झनुपर्छ।

(च) “कम्पनी”भन्नालेविद्युतीयबससञ्चालनकानिम्तिबनाइएकोपब्लिकलिमिटेडकम्पनीसम्झनुपर्छ जसमा नगरपालिका संगै स्थानीय सर्वसाधारणको समेत लगानी रहेको हुनेछ।

(छ) “सञ्चालकसमिति”भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनुपर्छ।

(ज) “बस”भन्नालेकम्पनीलेसञ्चालनगर्नेविद्युतीयबससम्झनुपर्छ।

(झ) “शेयरधनी”भन्नालेकम्पनीमालगानीगर्नेलगानीकर्तासम्झनुपर्छ।

This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn‘t add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

## परिच्छेद-२
## यातायात सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी  व्यवस्था

**३. यातायात सेवा सञ्चालन तथा व्यवस्थापनः**

(१) नगरवासीलाई सहजीकरण गर्न नगरक्षेत्र भित्र तथा बाहिर रुट पर्ने गरी विद्युतीय बससेवा सञ्चालन र व्यवस्थापन गर्नेछ र यो सेवा सहुलियतपुर्ण हुनेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको सञ्चालन र व्यवस्थापन नगरपालिका र स्थानीय व्यवसायी तथा सर्वसाधारण मिलेर पव्लिक कम्पनी मार्फत गरिनेछ।

(३) नगरपालिकाको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत रहनेगरी पव्लिक लिमिटेडकम्पनी मार्फत विद्युतीय बसको सञ्चालन र नियमन गरिनेछ।

(४) बस सेवा सञ्चालनबाट स्थानीय तहमा रोजगारी श्रृजना गर्ने।

**४. यातायात सेवा सञ्चालन प्रक्रिया सम्वन्धी  व्यवस्थाः**

(१) नगर कार्यपालिका र अन्य स्थानीय लगानीकर्ता मिलि पव्लिक लिमिटेड कम्पनी दर्ता गरीयातायात सेवा सञ्चालन गरिनेछ । सेवा सञ्चालन सम्वन्धी  प्रक्रिया कम्पनीको बिधान तथाविनियम अनुसार हुनेछ। यातायात सञ्चालनका निम्ति चाहिने जनशक्ति, सेवा शुल्क, मर्मतप्रक्रिया तथा अन्य सम्पूर्णसमवन्धित कार्य तथा प्रक्रिया समेटि कम्पनीको छुट्टै विनियम रहनेछ।

## परिच्छेद-३
## खरिद प्रक्रिया र स्रोत सम्वन्धी  व्यवस्था

**५. बस खरिद प्रक्रियाः**

विद्युतीय बस सेवा सञ्चालनका निम्ति आवश्यक बसहरु खरिद प्रक्रिया विद्यमान सार्वजनिकखरिद ऐन तथा नियमावली बमोजिम हुनेछ।

**६. श्रोतको व्यवस्थाः**

बस खरिद तथा मर्मत सम्भारका निम्ति कम्पनीको छुट्टै कोष हुनेछ । सो कोषमा कम्पनीकाशेयरधनीबाट उठेको शेयर रकम, कम्पनीका यातायातका साधनले कमाएको रकम तथाकम्पनीले ऋण वापत प्राप्त गरेको रकम रहनेछ। कम्पनीको श्रोत तथा आम्दानी व्यवस्थापनका निम्ति नेपालकोबणिज्य बैंकमा कम्पनीको खाता रहनेछ र सो खाताको सञ्चालन कम्पनीकोसञ्चालक समितिले गर्नेछ।

This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

## परिच्छेद-४

## अनुगमन, सुपरिवेक्षण तथा नियमन सम्वन्धी व्यवस्था

७. नगरपालिका र कम्पनीको आपसी समझदारीमा यातायात सेवा सञ्चालनलाईचुस्त, दुरुस्तर प्रभावकारी बनाउन एक छुट्टै अनुगमन समिति गठन गरिनेछ जसले सेवा सञ्चालनप्रक्रियाको नियमित अनुगमन गर्नेछ।

८. अनुगमन समितिले यातायात सेवा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्वन्धी त्रैमासिकरुपमा सुझाव सहितको अनुगमन प्रतिवेदन तयार गरी कम्पनी तथा नगरपालिकामा बुझाउनुपर्नेछ।

**९. संशोधन सम्वन्धी व्यवस्थाः**

नगरपालिकाको कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन तथा हेरफेरगर्न सक्नेछ।

This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn‘t add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm